का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ चैत २०८०,
बुधबार
20 March 2024,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३६ । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com



## राजनीतिको केन्द्रमा रवि

# सत्तापक्ष र प्रतिपक्षका आ–आफ्नै अडान

**संसदीय अंक गणित हेर्दा रास्वपाको निर्णयले अहिलेको सत्तागठबन्धन टिकाउने वा भत्कने परिस्थिति आउन सक्छ। यही सम्भावनाका कारण प्रमुख प्रतिपक्षीले रास्वपा सभापति समेत रहेका गृहमन्त्री लामिछानेको राजीनामा मागिरहेको छ भने सत्तारुढ नेताहरु बचाउमा उत्रिएका छन्।**



उजुरी पर्नासाथ राजीनामा दिने हो भने के हुन्छ ? ठाडो उजुरी हुनासाथ राजीनामा दिने सहमति हामी गर्न सक्छौं त ? यो विषयलाई राजनीतिकरण नगर्न म अनुरोध कांग्रेसलाई गर्न चाहन्छु ।

■ **प्रचण्ड**, प्रधानमन्त्री



प्रधानमन्त्रीजीले कुनै प्रमाण छैन भन्दै हुनुहुन्छ । म भन्छु- गृहमन्त्रीविरुद्ध अत्यन्त ज्यादा प्रमाण छ । त्यसकारण यही सदनभित्र छानबिन समिति गठन गरौं, प्रमाण छ कि छैन हेरौं ।

■ **रमेश लेखक**
प्रमुख सचेतक, नेपाली कांग्रेस



कांग्रेसबाट एउटा परिपक्व प्रतिपक्षको भूमिका माग्दछौं । गृहमन्त्रीका सम्बन्धमा संसदीय छानबिन समिति कसरी र केका लागि बन्ने ? यस्तो समिति हाललाई सम्भव नै छैन ।

■ **केपी ओली**
अध्यक्ष, नेकपा एमाले

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ चैत ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र सत्तारुढ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली गृहमन्त्री रवि लामिछानेको बचाउमा उत्रिएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति समेत रहेका गृहमन्त्री लामिछाने सहकारीको रकम अपचलनमा संलग्न रहेको भनी उठिरहेको प्रश्नमा मंगलबार प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री प्रचण्डले जवाफ दिएका थिए ।

प्रधानमन्त्री प्रचण्डले हालसम्मको अनुसन्धानले सहकारीको संचालक समिति, लेखा समिति, ऋण समिति, कर्मचारी लगायत कुनै पनि जिम्मेवारी र भूमिकामा नरहेको र अदालतमा बिचाराधीन मुद्दामा रवि लामिछाने कहीँ कतै

»» पृष्ठ २ मा

# ड्रोन मर्मत अर्थात राजकुमार तिमिल्सिना

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौ, ५ चैत ।

काठमाडौंको अनामनगर बाजेको सेकुवाबाट सय मिटर उत्तरतर्फ अवस्थित छ चण्डेश्वरी क्यामरा मर्मत केन्द्र । जहाँ १४ वर्षदेखि भक्तपुरका ३५ वर्षीय राजकुमार तिमिल्सिना पछिल्लो समय ड्रोन मर्मतमै व्यस्त हुन्छन् । पछिल्लो समय प्रविधिमा देखिएको परिवर्तनसँगै फोटोग्राफी, भिडियोग्राफीमा ड्रोनको प्रयोग बढ्दो छ । ड्रोनको प्रयोग बढ्दा मर्मतको काम समेत अत्याधिक बढेको छ ।

तिमिल्सिना भन्छन 'सक्कली समानको ग्योरेन्टीसहित ग्राहकको अगाडि नै तत्काल ड्रोनको मर्मत गर्ने गरेको छु । क्यामरा र भिडियो क्यामरामा लामो समयदेखि ममर्तको काम गरेकोले समेत ड्रोन बनाउन धेरै समय लाग्दैन ।'

अहिले नेपालभरबाट मर्मतको लागि कुरिअर गरेर विश्वासको साथ ड्रोन मर्मतको लागि पठाइने गरिएको उनी



ड्रोनबाट भिडियो तथा फोटो सुट गर्नेको संख्या बढ्दो छ । ड्रोन बनाउने जान्ने दक्ष जनशक्ति कम हुदाँ मंहगो मूल्यको ड्रोन लागि मर्मत गर्ने स्थान नहुदाँ बिग्रिदा कहाँ बनाउने भन्ने तनाव प्रयोगकर्तामा छ ।

१४ वर्षदेखि तिमिल्सिनाले अनामनगरमा फोटो र भिडियो क्यामरा मर्मतको काम गर्दै आएका थिए । तर अहिले उनलाई अहिले ड्रोन मर्मतको कामले भ्याइ नभ्याई छ । चण्डेश्वरी क्यामरा मर्मत केन्द्र अब राजकुमार ड्रोन हाउसबाट चिनिन थालेको छ ।

नेपालमा २०७२ सालको भूकम्प आएपछि ड्रोन किन्नेको संख्या ह्वात्तै बढ्यो । तर यो ८ वर्षको विचमा विवाह, डकुमेन्ट्री निमार्ण, निजी तथा सरकारी कार्यक्रमदेखि भ्लग बनाउन ड्रोनको प्रयोग अत्याधिक बढेको बताउँछन् । अन्य स्थानमा मर्मतको नाममा बिगार्दियो भन्नेदेखि अब बन्दैन भनेका धेरै वटा ड्रोन समेत बनाएको उनको दाबी छ । उनकोमा अहिले दैनिक ५/७ वटा ड्रोन मर्मतका लागि ल्याउने गरेका छन् ।

क्यामरा मर्मतबाट व्यवसाय सुरु गरेका तिमिल्सिना अब ड्रोन मर्मतको विज्ञतामा हासिल गर्ने प्राविधिक भएका छन् । नयाँ फिल्ड भएकोले आम्दानी समेत राम्रै हुने गरेको छ । ड्रोन प्रयोग बढ्दा स-सानो टेक्निकल समस्या आउदाँ समेत मर्मत गर्न दिनुपर्ने हुन्छ, तर मर्मत गर्न जान्ने दक्ष जनशक्तिको अभाव छ । ड्रोन कतिले चलाउन नजान्दा ड्रोन दुर्घटना हुदाँ बिग्रिने गरेको छ । दुर्घटना भयो भने मात्र ड्रोनमा समस्या धेरै आउँछ ।

## अंग्रेजीका एमए

पछिल्लो युवा पुस्ता टेक्निकल फिल्ड तर्फ रुचि देखाउदैनन् । नेपालमै केही गर्ने भन्दा पनि वैदेशिक रोजगारको लागि जाने लहडले गर्दा अथाह सम्भावना र राम्रो कमाई हुने टेक्निकल फिण्डमा काम गर्ने जनशक्तिको अभाव छ ।

राजकुमारले सुरुमा त्रि-चन्द्र कजेलमा साइन्स पढ्न भर्ना भए । तर बिषय लाग्यो । विषय लागेपछि टेक्निकल फिल्ड टेलिभिजन ममर्तको काम सिक्दै लागेको विषय पास गरे । जब उनलाई टेक्निकल प्रति रुची बढ्यो, उनी साइन्स छोडेर मानविकीमा सिफ्ट भए तर टेक्निकल पेशालाई छोडेनन् ।

सुरुमा टेलिभिजन मर्मतको धेरै नै माग थियो त्यही सिके त्यसपछि क्यामरा, भिडियो क्यामरामा तर्फ लागे । क्यामरा र भिडियो क्यामरा मर्मतबाट राम्रो आम्दानी भयो । अहिले जहाँ १४ वर्षदेखि जुन सटरमा मर्मतका काम सूरु गरेको थिए अहिले त्यो स्थान भिडियो क्यामरा मर्मतको लागि प्रसिद्ध नै बनेको छ ।

व्यवसायी फोटो भिडियो ग्राफर, फोटो/भिडियो पत्रकार, फोटो स्टुडियोका सञ्चालकहरुले आफनो सामान मर्मत गर्ने सेन्टर बनेको छ । अझ पछिल्लो समय ड्रोनको मर्मतको कामले उनलाई फुर्सद नै छैन । अंग्रेजीमा मास्टर गरेपछि

»» पृष्ठ २ मा

# व्यापार घाटाको चुलिँदो ग्राफ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत ।

२०३० को दशकतिर नेपाल दैनिक उपभोग्य वस्तुमा धेरै हदसम्म आत्मनिर्भर थियो । त्यो समयमा नेपालको वस्तु निर्यातको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ५४ प्रतिशत थियो । तर २०४६ सालपछि अर्थात् नेपालमा आर्थिक उदारीकरण तथा खुल्ला बजार अर्थ नीति अबलम्बन भएपछि आयात दर बढ्दै गयो । यो क्रम गणतन्त्र स्थापनापछिका अवधिमा अत्याधिक बढेको छ ।

चालु आर्थिक वर्षका दुई चौमासिक अर्थात् फागुनसम्मको आयातको तथ्यांक हेर्दा कुल गार्हस्थ्य उत्पादनको तुलनामा झण्डै २५ प्रतिशत पुगिसकेको छ । तथ्यांकहरू केलाउँदा आर्थिक वर्ष २०५६/५७ मा कुल गार्हस्थ्य उत्पादनको

| आर्थिक वर्ष | आयात | निर्यात |
|---|---|---|
| २०७५/०७६ | १४ खर्ब १९ अर्ब | ९७ अर्ब |
| २०७६/०७७ | ११ खर्ब ८६ अर्ब | ८७ अर्ब |
| २०७७/०७८ | १५ खर्ब ३९ अर्ब | १ खर्ब ४१ अर्ब |
| २०७८/०७९ | १८ खर्ब २० अर्ब | २ खर्ब |
| २०७९/८० | १६ खर्ब ११ अर्ब | १ खर्ब ५७ अर्ब |
| २०८०/८१ (८ महिना) | १० खर्ब ३० अर्ब | १ खर्ब |

तुलना १३.९ प्रतिशत आयात हुँदा १३.१ प्रतिशत निर्यातको हिस्सा थियो ।

आर्थिक वर्ष २०३९/४० मा कुल गार्हस्थ्य उत्पादनको १८.७ प्रतिशत थियो भने आर्थिक वर्ष २०५३/५४ मा आयात कुल गार्हस्थ्य उत्पादनको ३३.४ प्रतिशत पुग्यो । आर्थिक वर्ष २०७८/०७९ आइपुग्दा भने नेपालको आयातमा ह्वात्तै वृद्धि भएर कुल ग्राहस्थ्य उत्पादनको ४५ प्रतिशत नाघेको थियो । यद्यपि यो वर्ष गत वर्षको तुलनामा आयातमा केही कमी भने आएको देखिन्छ ।

झण्डै दश गुणाको घाटा

भन्सार विभागको पछिल्लो तथ्यांकअनुसार चालु आर्थिक वर्ष फागुनसम्ममा १० खर्ब ३० अर्ब भन्दा बढी रुपैयाँको माल वस्तु आयात भएको छ । सो अवधिमा निर्यात भने एक खर्ब ६१ करोड रुपैयाँ बराबरको मात्रै भएको छ । चालु आर्थिक वर्षको आठ महिनामा नेपालको कुल वैदेशिक व्यापार घाटा नौ खर्ब २९ अर्ब ६० करोड पुगेको छ ।

तथ्यांकअनुसार फागुन महिनामा मात्र एक खर्ब ३३ अर्ब रुपैयाँको वस्तु आयात भएको छ । समीक्षा अवधिमा नेपालको अन्तर्राष्ट्रिय व्यापारको सबैभन्दा बढी हिस्सा भारतले नै ओगटेको छ । सो अवधिमा भारतबाट मात्रै छ खर्ब ३८ अर्ब बराबरको मालवस्तु आयात भएको तथ्यांक छ । सो अवधिमा नेपालले ६८ अर्ब बराबरको मालवस्तु मात्रै भारत पठाएको देखिन्छ ।

यसैगरी अर्को छिमेकी मुलुक चीनबाट समीक्षा अवधिमा एक करोड ८७ लाख

»» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# जापान, इजरायल र कोरिया रोजगारी म्यानपावरलाई दिइएको छैन : मन्त्री अर्याल

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले दक्षिण कोरियाको ई-७ भिसासहित जापान र इजरायलमा म्यानपावर कम्पनीले कामदार पठाउने समाचार निराधार रहेको बताएका छन् । दोस्रो पटक श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्वमा आएका मन्त्री अर्यालले मंगलबार पत्रकार सम्मेलन आयोजना गर्दै उक्त धारणा सार्वजनिक गरेका हुन् ।

तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारीको कार्यकालमा ई-७ भिसामार्फत कोरियासहित जापान र इजरायलमा म्यानपावर व्यवसायीले नेपाली श्रमिक पठाउन सक्ने निर्णय भएको सार्वजनिक भएको थियो । वैदेशिक रोजगार व्यवसायीको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघले निजी क्षेत्रको वर्षौंदेखि थाती रहेका माग पूरा भएको र त्यसले व्यवसाय गर्ने निजी क्षेत्रको अधिकार



सुनिश्चित भएकोमा खुशी व्यक्त गर्दै बधाई साटासाट गरेको थियो ।

मंगलबारको कार्यक्रममा मन्त्री अर्यालले ई-७ भिसामार्फत म्यानपावर व्यवसायीले नेपाली श्रमिक कोरिया पठाउन सक्ने भन्ने खालको सूचनामा मन्त्रालयको आधिकारिता नभएको बताए । उनले इजरायलका लागि पूर्व स्वीकृति दिने वैदेशिक रोजगार विभागका कर्मचारीलाई कारबाही गर्नेसमेत चेतावनी दिए ।

कोरियाले हालसम्म ईपीएस प्रणालीमार्फत नेपाली श्रमिक लैजाँदै आएको छ । मन्त्री अर्यालले भने, 'जापान, इजरायल र कोरियसँग बिटुबी अर्थात निजी क्षेत्रबाट होइन, जीटुजी अर्थात सरकारी स्तरमा मात्रै कामदार पठाउने हो । यसमा कसैलाई भ्रम रहनु हुँदैन ।'

म्यानपावर व्यवसायीले ई-७ भिसामार्फत कोरिया पठाइदिने भन्दै रकम असुल गर्न थालेको गुनासो आएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गत पुसमा नै यस विषयमा निर्देशन दिएको उल्लेख गर्दै मन्त्री अर्यालले प्रधानमन्त्री दाहालको निर्देशनलाई कार्यान्वयन गर्नका लागि मन्त्रालयले एक कार्यदल नै निर्माण गरेकाले उक्त कार्यदलले प्रतिवेदन नबुझाएको अवस्थामा कुनै नयाँ प्रबन्ध नहुने बताए ।

»» पृष्ठ २ मा

### नीलकमल शीर्ष स्थानमा

**काठमाडौं/मस–** फागुन महिनामा नीलकमल ह्युमन रिसोर्स प्रा.लि.- धेरै कामदार पठाउने म्यानपावर कम्पनीको शीर्ष स्थानमा रहेको छ । ७ सय ५९ जना कामदारको श्रम

»» पृष्ठ २ मा

### फागुनमा विदेशिए ६२ हजार कामदार

**काठमाडौं/मस–** माघ महिनाको तुलनामा फागुन महिनामा वैदेशिक रोजगारमा जानेको संख्या बढेको छ । माघ महिनामा ६२ हजार १ सय ४७ जना सबै प्रकारका श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा गएकोमा फागुनमा उक्त संख्या ६५ हजार ६ सय ५८ रहेको छ ।

वैदेशिक रोजगार विभागको फागुन महिनाको तथ्यांकअनुसार म्यानपावर कम्पनीबाट फागुनमा ३१ हजार ८ सय ९८ जना नयाँ कामदार वैदेशिक रोजगारीमा गएका छन् । फागुनमा अघिल्लो महिना माघमा जस्तै यूएईमा धेरै नेपाली गएका छन् । म्यानपावर कम्पनीबाट ११ हजार ८७ जना यूएई गएका छन् । समग्रमा फागुनमा यूएई जानेको संख्या १८ हजार ७ सय ७ रहेको छ ।

»» पृष्ठ २ मा






मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

७ चैत २०८०, बुधबार
20 March 2024, Wednesday

## राजनीतिको...

नजोडिएको तर्क गरे । कांग्रेसले गत फागुन २४ गतेदेखि निरन्तर प्रश्न उठाएपछि जवाफ दिन प्रतिनिधि सभाको रोष्ट्रममा उभिएका प्रचण्डले लामिछानेमाथि उठेका प्रश्नहरुका सन्दर्भमा आफूले समेत अध्ययन गरेको र त्यस आधारमा बोलेको बताए ।

'...आफैंले यसको बारेमा खोजबिन गर्ने, सम्बन्धित निकायका रिर्पोटहरु र भनाइहरु अलि गहिरो गरी अध्ययन गर्ने कोसिस गरेँ' प्रचण्डले भनेका छन्, '...उहाँको नाममा प्रवाह भएको भनिएको ऋण समेत फर्छ्योंट भएको देखिन आएकोले उहाँको हकमा अनुसन्धान गर्नुपर्ने नदेखिएको भन्ने प्रहरीबाट बृफिङ भएको थियो ।'

लामिछाने सरकारमा सहभागी हुनु अगाडि नै सहकारीको रकम अपचलनमा संलग्नता रहेको भनी मिडिया ट्रायल र बिभिन्न रुपमा चर्चा परिचर्चा भएको स्मरण गर्दै प्रचण्डले कांग्रेस सरकारमा हुँदै आफू यो निचोडमा पुगेको बताए ।

प्रधानमन्त्री प्रचण्डले प्रमाण नभएको विषयका सम्बन्धमा अनावश्यक राजनीति नगर्न समेत कांग्रेस आग्रह गरे । '...उजुरी पर्नासाथ राजीनामा दिने हो भने के हुन्छ ? ठाडो उजुरी हुनासाथ राजीनामा दिने सहमति हामी गर्न सक्छौं त ?' प्रचण्डले थपेका छन्, 'होइन गृहमन्त्रीबाट हटाउ, मुद्दा प्रभावित हुन्छ भन्न खोज्नुभएको हो भने प्रभावित पार्नेले अर्को मन्त्रालयमा बसेपनि पार्ला, सरकारमा बसे मात्रै पनि प्रभाव पार्ला । त्यसैले यो विषयलाई राजनीतिकरण नगर्न म अनुरोध गर्न चाहन्छु ।'

तर, प्रचण्डको जवाफमा कांग्रेसले चित्त बुझाएन । बरु यस सम्बन्धमा संसदीय छानबिनको माग गरेको छ । ' प्रधानमन्त्रीजीले कुनै प्रमाण छैन भन्दै हुनुहुन्छ । म भन्छु- अत्यन्त ज्यादा प्रमाण छ । यसको छिनोफानो हाम्रो जुहारीले गर्छ ? यहिँनेर अदालत हुन्छ ? त्यसो हुँदैन' प्रमुख सचेतक लेखकले थपे, 'यही सदनभित्र छानबिन समिति गठन गरौं, प्रमाण छ कि छेन हेरौं ।'

संसदीय छानकिन गर्नुपर्ने आफूहरुको मागलाई वेवास्ता गरिए संसद चल्न नदिने कांग्रेसको चेतावनी छ । ' गम्भीरतापूवर्क कुरा उठाउँदा उठाउँदै सरकारले गम्भरितापूर्वक लिएन भने, यदि सरकारले यो कुरा (संसदीय छानकिन समिति गठनको विषय) अगाडि बढाएन भने हाउस अवरुद्ध कांग्रेसले गर्दैन । सरकार आफैंले हाउस अवरुद्ध गरेको मानिनेछ' प्रमुख सचेतक लेखकले भनेका छन् ।

यसअघि कांग्रेसले गृहमन्त्रीको नियुक्तिका सम्बन्धमा प्रधानमन्त्रीको जवाफ माग्दै आएको थियो । मंगलबार प्रधानमन्त्रीको जवाफ आएपछि त्यसमा चित्त नबुझाएर कांग्रेसले संसदीय छानबिन समिति गठनको माग गरेको हो । कांग्रेस लामिछानेको सन्दर्भमा संसदीय छानबिनको मागमा पुगेपछि सत्ता गठबन्धनको प्रमुख घटक नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले काउण्टर गरेका छन् । उपप्रधानमन्त्री लामिछाने जोडिएको सहकारी ठगी प्रकरण छानबिनका लागि संसदीय छानबिन हुन नसक्ने उनको प्रतिक्रिया छ । 'सरकार भन्दा बाहिर हुनेबित्तिकै नेपाली कांग्रेस जस्तो पार्टीले कुनै आवेश, उत्तेजना देखाउने, प्रतिशोधपूर्ण अभिव्यक्ति, क्रियाकलाप गर्ने र संसद अवरुद्ध गर्ने जस्ता क्रियाकलाप गर्नु हुँदैन' ओलीले संससद भवन परिसरमा पत्रकारहरुसँग भने, 'हामी नेपाली कांग्रेसबाट एउटा परिपक्व प्रतिपक्षको भूमिका माग्दछौं । संसदीय छानबिन समिति कसरी र केका लागि बन्ने ? सम्भव नै छैन ।'

आफूमाथि प्रश्न उठाएर संसद नै चल्न नदिने हदसम्म कांग्रेस प्रस्तुत भएपछि गृहमन्त्री लामिछाने रुष्ट भएका छन् । प्रतिनिधि सभाको बैठकपछि गृहमन्त्री लामिछानेले कांग्रेस पनि दूधले नुहाएको पार्टी नभएको प्रतिक्रिया दिए । साथै, कांग्रेसलाई आफ्नो मागमा अडिइरहन पनि सुझाएका छन् ।

'...एउटा ठाडो उजुरीमा संसद नै अवरूद्ध गर्ने, समिति (संसदीय छानबिन समिति) नै बनाउने, राजीनामा नै माग्ने हो भने यसमा अडिरहन म साथीहरूलाई भन्न चाहन्छु' लामिछानेले पत्रकारहरुसँग उनले भने ।

## व्यापार...

बराबरको मालवस्तु आयात गर्दा ६२ हजार बराबरको मालवस्तु मात्रै निर्यात भएको देखिन्छ । समीक्षा अवधिमा चीनसँगको व्यापारमा नेपालले एक खर्ब ९४ अर्ब बराबरको आयात गरेको छ । चीनमा नेपालले एक अर्ब ९५ लाख बराबरको मात्रे निर्यात व्यापार गरेको छ । चालु आर्थिक वर्षको आठ महिनामा नेपालले भन्सार बिन्दुबाट दुई खर्ब ७० अबै रूपैयाँ राजस्व संकलन गरेको छ ।

### उपभाग्य सामग्री बढी आयात

नेपालले आयत गर्ने वस्तुमा सबैभन्दा बढी दैनिक उपभोग्य वस्तुहरू पर्छन् । चालु आर्थिक वर्षको आठ महिनाको तथ्यांक हेर्दा तरकारी मात्रै २० अर्ब भन्दा बढी रकमको आयात भएको देखिन्छ । यो बाहेक मर्दापर्दा उपभोग हुने फूल, दैनिक भान्सामा प्रयोग हुने दाल, चामल, तेल, नुन, चिनी लगायतका वस्तु आयात भएको देखिन्छ। कोरोना महामारीको पछिल्लो आर्थिक वर्ष २०७७/०७८ मा मात्रै नेपालमा २५ अर्ब २२ लाख रुपैयाँको तरकारी तथा फलफूल आयात गरिएको थियो । पछिल्लो दशकका वार्षिक तथ्यांक केलाउँदा करिब ४५ अर्ब रुपैयाँभन्दा बढीको खाद्य सामग्री वर्षेनी आयात भइरहेको छ ।

कृषि आत्मनिर्भर हुँदै निर्यात समेत भइरहेको नेपालमा अहिले आठ लाख हेक्टर जग्गा खेतीयोग्य जमिन बाँझै रहेको कृषि मन्त्रालयको तथ्यांकले देखाएको छ । सरकारले कृषिलाई व्यवसायिक र आधुनिक बनाउन नसक्दा युवाहरू विदेश पलायन हुने क्रम बढिरहेको सन्दर्भमा कृसषि उपज र खाद्य सामग्रीको आयात वर्षेनि बढिरहेको छ । सरकारले युवाहरूलाई कृषिमा प्रेरित गर्न नसक्दा अवस्था दयनीय भएको खाद्यका लागि कृषि अभियन्ता उद्धब अधिकारी बताउँछन् । उनी भन्छन्, ' बाँझो जमिन हरेक वर्ष बढिरहेको छ । सरकारको कुरा गफमै सीमित भयो । युवाहरू त्यही कृषिको काममा विदेशतिर गइरहेका छन् । नेपालमै आधुनिक कृषि औजार, सिँचाई, उच्च कृषि प्रविधि र लागतअनुसारको बजार व्यवस्थापन गर्न नसक्नु निकै दुःखद् छ ।'

## अंग्रेजीका...

राजकुमारलाई अन्य पेशामा जान मन लागेन ।

पढेपछि सरकारी र अन्य स्थानमा जागिर खाने सोच धेरैको भएपनि उनी टेक्निकल फिल्डमा भविष्य देख्छन् । अहिले नाम दाम दुवै कमाएको भन्दै मक्ख छन् । मर्मतको काम गरेर घर-घडेरी जोडेका छन् । पढेर काम पाइएन भनेर विदेश जाने युवा पुस्तालाई उनको सन्देश छ 'विदेशमा गर्ने मेहनत र जान लाग्ने पैसा नेपालमै प्राविधिक क्षेत्रमा लगानी गर्ने हो भने विदेशमा भन्दा बढि पैसा नेपालमै कमाइन्छ ।'

## जापान...

मन्त्री अर्यालले भने, 'कार्यदलले यस विषयमा अध्ययन गरिरहेको छ । कार्यदलको प्रतिवेदन पछि श्रमिकको हितमा हुने गरी निर्णय गरिनेछ, बजारमा हल्ला भएजस्तै गरी मन्त्रालयले कुनै पनि निर्णय गरेको छैन ।'

त्यस्तै मन्त्री अर्यालले वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि अनिवार्य गरिएको पूर्वप्रस्थान अभिमुखीकरण तालिमको शुल्क पनि यथावत रहेको बताए । उनले भने, ' अध्ययन प्रतिवेदन आइ अर्को निर्देशन नहुँदासम्मका लागि अभिमुखीकरण तालिमको शुल्क ७०० नै तोकिएको छ ।' मन्त्री अर्यालले श्रमिकका मुद्दा अति संवेदनशील हुने भएकाले मन्त्रालयको आधिकारिक धारणा नबुझी समाचार सम्प्रेषण नगरिदिनसमेत आग्रह गरे । मन्त्री अर्यालले विदेशी भूमिमा हुने सडक दुर्घटनामा ज्यान गुमाउने कामदारका तर्फबाट उचित पैरवी हुन नसक्दा पीडित परिवारले पाउने क्षतिपूर्ति बापतको अर्बौं रूपैयाँ विदेशमा नै लापता भएकाले त्यसको खोजीलगायत वैदेशिक रोजगारी तथा आन्तरिक रोजगारको क्षेत्रलाई सुरक्षित, पारदर्शी, मर्यादित र व्यवस्थित बनाउन उच्च लगनशीलताका आधारमा काम गरिरहेको दाबी गरे ।

## फागुनमा...

आठ महिनाको अवधिमा एक लाख २० हजारभन्दा धेरैले श्रम स्वीकृति लिएको विभागले बताएको छ । फागुनमा साउदी अरेबिया दोस्रो स्थानमा रहेको छ । साउदीमा म्यानपावर कम्पनीबाट ६ हजार २ सय २६ जना र सबै प्रक्रियाबाट १३ हजार २ सय ६७ जना गएका छन् ।

चालु आर्थिक वर्षका अघिल्ला महिनामा जस्तै तेस्रो स्थानमा कतार छ । फागुनमा ११ हजार ३ सय ९० जना गएको कतारमा म्यानपावर कम्पनीमार्फत २ हजार ८ सय ६१ जना गएका छन् । संस्थागतरूपमा मलेसिया जाने कामदारको संख्या कतारको भन्दा बढी रहेपनि मलेसिया सूचीको चौथो स्थानमा रहेको छ । फागुनमा समग्रमा ८ हजार ४ सय १७ जना कामदार गएको मलेसियामा म्यानपावर कम्पनीमार्फत भने ६ हजार ७ सय ३५ जना गएका छन् । माघमा उक्त संख्या ५ हजार ४ सय ७७ रहेको थियो ।

फागुनमा बहराइनमा म्यानपावर कम्पनीमार्फत ४ सय ४८ जना, क्रोएसियामा ४८ जना, साइप्रसमा ४ सय ४३ जना, जापानमा ७० जना, जोर्डनमा १ सय २९ जना, कुवेतमा एक हजार ९ सय ७२ जनाले श्रम स्वीकृति लिएका छन् । फागुनमा मकाउमा ३५ जना तथा हङकङमा ४ जनाको श्रम स्वीकृति भएको छ । हङकङमा व्यक्तिगतरूपमा ३ जनाको श्रम स्वीकृति भएको छ । मरिससका लागि म्यानपावर कम्पनीबाट ६ सय ६० जना, ओमानमा १ सय ८० जनाको श्रम स्वीकृति भएको छ । पछिल्ला महिना रोजगारीका लागि युरोप जाने बढेका छन् । फागुनमा मात्र रोमानियामा म्यानपावरमार्फत ४ सय ७८ र व्यक्तिगतरूपमा ९ सय ६६ जना, क्रोएसियामा म्यानपावरमार्फत ४८ र व्यक्तिगतरूपमा ७ सय ३४ जनाको श्रम स्वीकृति भएको छ । चालु आर्थिक वर्षको आठ महिनामा रोजगारीका लागि श्रम स्वीकृति लिएर विदेश जानेको संख्या चार लाख ७१ हजार पुगेको छ । वैदेशिक रोजगार विभागका अनुसार यो संख्या अघिल्लो आर्थिक वर्षको तुलनामा १३ प्रतिशतले कम हो ।

## नीलकमल...

स्वीकृति लिँदै नीलकमल शीर्ष स्थानमा रहँदा एसओएस म्यानपावर सर्भिस प्रा.लि. ६ सय ५० जना कामदारको श्रम स्वीकृति लिँदै दोस्रो स्थानमा रहेको छ ।

सयभन्दा बढी कामदार पठाउने म्यानपावरहरु :

नीलकमल ह्युमन रिसोर्स प्रा.लि.- ७५९
एसओएस म्यानपावर सर्भिस प्रा.लि.- ६५०
अल जाहरा ह्युमन रिसोर्स कन्सल्ट्यान्सी प्रा.लि.- ४९७
शिवाकोटी म्यानपावर सर्भिस प्रा.लि.- ४२५
इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- ४१४
आकर्षण इन्टरनेशनल प्रा.लि.- ३८६
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट प्रा.लि.- ३७९
एयर किड्स प्लेसमेन्ट प्रा.लि.- ३७९
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- ३६४
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- ३२०
अल अयुनी ओभरसिज सर्भिस प्रा.लि.- ३२०
साउण्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- ३१४
शिखर इन्टरनेशनल म्यानपावर सर्भिस प्रा.लि.- ३०५
लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- २८१
अञ्जली ओभरसिज सर्भिस प्रा.लि.- २६५
सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.- २६३
दि रिभर ओभरसिज प्रा.लि.- २५४
गल्फ म्यानेजमेन्ट इन्टरनेशनल प्रा.लि.- २५४
ग्रेस ओभरसिज प्रा.लि.- २५१
एशिया लिंक सर्भिस प्रा.लि.- २४६
अमिटी जग्लोबल इम्प्लोइमेन्ट प्रा.लि.- २४४
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- २३९
नाइस रिक्रुटमेन्ट एजेन्सी प्रा.लि.- २३६
जब सिकर म्यानपावर प्रा.लि.- २२८
वाहा म्यानपावर सर्भिस प्रा.लि.- २२७
अल जारफा ह्युमन रिसोर्स कन्सल्ट्यान्सी प्रा.लि.- २१८
एमबि ह्युमन रिसोर्स प्रा.लि.- २०६
स्टाइरिस एचआर सर्भिस प्रा.लि.- १९१
अल स्किल इन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि.- १९०
योङ म्यानपावर प्रा.लि.- १८८
अञ्जुलिमा इन्टरनेशनल प्रा.लि.- १८०
ब्रोदर इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.- १७७
लगइन इन्टरनेशनल ओभरसिज रिक्रुटमेन्ट प्रा.लि.- १७६
ट्रष्ट नेपाल प्रा.लि.- १७२
मास ह्युमन रिसोर्स प्रा.लि.- १७१
डिके रिभर ओभरसिज प्रा.लि.- १६७
अल समिट म्यानपावर प्रा.लि.- १६१
कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- १६०
गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा.लि.- १५८
एचएमटी ओभरसिज प्रा.लि.- १५४
बेबी एन्जल इन्टरनेशनल प्रा.लि.- १५१
ब्लु ओसियन रिक्रुटमेन्ट प्रा.लि.- १५१
अल सेक्योर म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- १५०
वर्ल्ड वाइड इम्प्लोइमेन्ट कन्सल्ट प्रा.लि.- १४७
फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि.- १४३
कतार इन्टरनेशनल म्यानपावर प्रा.लि.- १३९
मोन्टेज ओभरसिज प्रा.लि.- १३८
कन्फिडेन्ट इन्टरनेशनल म्यानपावर प्रा.लि.- १३८
पास इन्टरनेशनल प्रा.लि.- १३७
भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.- १३५
डाइनेष्टी प्लेसमेन्ट सर्भिस प्रा.लि.- १३१
ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.- १३१
त्रिवेणी ओभरसिज कन्सर्न प्रा.लि.- १३०
मदरल्याण्ड ओभरसिज सर्भिस प्रा.लि.- १२४
बिएस ओभरसिज प्रा.लि.- १२३
सप्तकोशी ह्युमन रिसोर्स प्रा.लि.- १२३
कान्तिपुर म्यानपावर सर्भिस प्रा.लि.- १२१
मोभिरा रिक्रुटमेन्ट कन्सल्ट्यान्सी सर्भिस प्रा.लि.- १२०
एमकोन ओभरसिज प्रा.लि.- ११९
सिडी ह्युमन रिसोर्स प्रा.लि.- ११९
सेन्टर क्यापिटल सर्भिस प्रा.लि.- ११७
लिंक अन इन्टरनेशनल प्रा.लि.- ११६
विन रिक्रुटमेन्ट प्रा.लि.- ११४
हामदान ग्लोबल प्रा.लि.- ११३
न्यु गोर्खा इन्टरनेशनल प्रा.लि.- ११३
इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.- ११३
एसपीएम ओभरसिज प्रा.लि.- ११०
गोल्डेन एचिभर्स इन्टरनेशनल प्रा.लि.- १०८
नौकरी नेपाल रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १०७
नासेर आउटसोर्सिङ कन्सल्ट्यान्ट प्रा.लि.- १०६
वर्षा म्यानपावर प्रा.लि.- १०४
शुभहारती म्यानपावर प्रा.लि.- १०३
ग्रोथ प्रोसेस इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.- १०१
लक्की एचआर सोलुसन प्रा.लि.- १०१
मेरिडियन ओभरसिज प्रा.लि.- १०१
स्काई वे म्यानेजमेन्ट प्रा.लि.- १०१
अल शाहिद ओभरसिज प्रा.लि.- १००
रोयल इन्टरनेशनल ओभरसिज प्रा.लि.- १००

सुदूरपश्चिम प्रदेश सरकार
**भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
धनगढी, कैलाली

**बोलपत्रको आशय पत्र सम्बन्धि सूचना**

**प्रकाशित मिति २०८०/१२/०७**

यस भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सुदुरपश्चिम प्रदेशको आ. व. २०८०/२०८१ को तपसिल बमोजिमका निर्माण कार्यका लागि मिति २०८०/१०/१६ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः–

| ठेक्का न. | कामको विवरण | निर्माण व्यवसायी | कबोल रकम |
|---|---|---|---|
| MOLMAC/W/NCB/2080/081/01 | Construction of Truss Shed for Agri-produce Wholesale market at Godawari Municipality, Kailali | श्री C.B Nirman Sewa गोदावरी-०३, कैलाली | रु २६,२३,७९८।३० मु. अ. क. बाहेक |

सचिव

कर्णाली प्रदेश सरकार
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**
**डिभिजन वन कार्यालय**
खलंगा, सल्यान

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशन मिति : २०८०/१२/०७**

यस कार्यालय अर्न्तगत कार्यालय भवन (छत्रेश्वरी र त्रिवेणी सव-डिभिजन वन कार्यालय भवन निर्माण) सम्बन्धि कार्यका लागि मिति २०८०/१०/२६ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक E–bidding मार्फत पेश भएका दष्महरुमध्ये सबैभन्दा न्यूनतम मूल्याङ्कित, सारभूतरुपमा प्रभावग्राही तपशिलको E–bidding स्वीकृतीको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै Bidder हरुको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिलः–

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु. अ. कर र बिमा बाहेक) | कै. |
|---|---|---|---|---|---|
| १. | DFOS/Salyan/Work/NCB/01-080/081 | छत्रेश्वरी सव-डिभिजन वन कार्यालय भवन निर्माण | वि.जी. निर्माण एण्ड वि.एस सप्लायर्स | १६,११,६८०.००/- | |
| २. | DFOS/Salyan/Work/NCB/02-080/081 | त्रिवेणी सव-डिभिजन वन कार्यालय भवन निर्माण | वि.जी. निर्माण एण्ड वि.एस सप्लायर्स | १७,३९,७५७.००/- | |

**मलेसियामा रोजगार** | कम्पनी: UNITED WOVEN INDUSTRIES SDN BHD
शहर: Malaysia, Kedah
पुर्व स्वीकृत मितिः २०८०/१२/०६ चलानी नं.: ६०२१६८४० LT. No.:301943

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १४ गते (27 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Manaslu International Services Pvt. Ltd.**
GPO Box: 21269, Dhumbarahi, Ktm, Nepal, Tel: 01-4525081, Mob.: 9860612204, 9852059259, Fax: 977-1-4490716, Govt. Lic. No.: 151/056/57, Email: manaslunp@hotmail.com

**साउदी, युएइ र कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: VELOSI SAUDI ARABIA COMPANY LTD शहर: Saudi Arabia, Jeddah
पूर्व स्वीकृत मितिः २०८०/१२/०६ चलानी नं.: ६०२१६८१४ LT. No.: 301889

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: ROYAL EVEREST TECHNICAL & CLEANING SERVICES शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८०/१२/०६ चलानी नं.: ६०२१६८१० LT. No.: 301933

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/technician | 25 | 0 | स. काममा दक्ष | 1500 | ५४,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: SEATTLE INTERNATIONAL SERVICES शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८०/१२/०६ चलानी नं.: ६०२१६८०५ LT. No.: 301936

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Waiter | 10 | 0 | | 1100 | ३९,६४४ | | | | | | |

कम्पनी: BLACK JAGUAR CONTRACTING & REAL ESTATE INVESTMENT & SERVICES शहर: Doha
पूर्व स्वीकृत मितिः २०८०/१२/०६ चलानी नं.: ६०२१६८१२ LT. No.: 301906

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Electric | 3 | 0 | | 1200 | ४३,५४८ | | | | | | |

कम्पनी: VAAS GROUP INTERNATIONAL शहर: Doha
पूर्व स्वीकृत मितिः २०८०/१२/०६ चलानी नं.: ६०२१६८११ LT. No.: 301907

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Mason | 4 | 0 | | 1200 | ४३,५४८ | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १४ गते (27 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

**यूएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : STEEL CONSTRUCTION ENGINEERING CO (LLC) DUBAI BRANCH. शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/०६ चलानी नं.: ६०२१६८२२ LT. No.: 301963

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 100 | 0 | स. काममा दक्ष | 900 | ३२,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत १४ गते (27 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**EAGLE MANPOWER CONSULTANT PVT. LTD.**
वैदेशिक यात्राको भरपर्दो साथी
Head Office Location : Chakrapath, Kathmandu, Nepal
Head Office. : 01-5912955 Pokhara Branch : 061-591567
License No.: 1606/079/080
marketing@eaglemanpower.com.np www.eaglemanpower.com.np

**कतारमा रोजगार** | कम्पनी : CHINA UNICORN TRADING & CONTRACTING CO.WLL.
शहर: Doha
पूर्व स्वीकृत मितिः २०८०/१२/०६ चलानी नं.: ६०२१६८०८ LT. No.: 301899

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 5 | 0 | स. काममा दक्ष | 1200 | ४३,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत १४ गते (27 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**M.B. Human Resource Pvt. Ltd.** श्रम इजाजत पत्र नं.: १५०४/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 4016801, Fax : 4016804 | E-mail : admin@mbmanpower.com.np
Web.: www.mbmanpower.com.np | Mobile No.: 9814067324/ 9849362405/ 9851168891/ 9841374012

**मलेसियामा रोजगारको अवसर** | कम्पनी : HUAYA PRECISION MANUFACTURING SDN BHD
शहर: KUALA LUMPUR
पुर्व स्वीकृत मितिः २०८०/०१/०८ चलानी नं.:६०२००५१९ LT. No.: 285018 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Opreator | 27 | 0 | स. काममा दक्ष | 1500 | ४२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० चैत १४ गते (27 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**WIN RECRUITMENT PVT.LTD**
श्रम इजाजत नं. १३८३/०७४/०७५
Samakhusi, Kathmandu, Nepal, Tel.: 01-4965386,
Mobile No.: 9801112250/9801112262/9801112267

**BAHRAIN मा रोजगारको अवसर**

कम्पनी: GRAND SAFIR HOTEL S.P.C शहर: BAHRAIN
पूर्व स्वीकृत मितिः २०८०/१२/०६ चलानी नं.: ६०२१६८३३ LT. No.: 301964

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 2 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ५२,६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Housekeeping/room Attendant | 6 | 6 | | 120 | ४२,१३४ | | | | | | |
| 3. | Kitchen Helper / Worker | 2 | 2 | | 120 | ४२,१३४ | | | | | | |
| 4. | Receptionist | 2 | 2 | | 150 | ५२,६६८ | | | | | | |
| 5. | Waiter/waitress | 4 | 4 | | 120 | ४२,१३४ | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १४ गते (27 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 01- Tel : 01- 4987207/4982296, E-mail : pro@anjalioverseas.com.np

# प्रवासी नेपालीको राहदानी नवीकरणको समस्या समाधान गर्न मन्त्री चौधरीको निर्देशन



**काठमाडौं/मस-** प्रवासी नेपाली मञ्च न्यूयोर्क च्याप्टरको आयोजनामा न्यूयोर्कमा ५० भन्दा बढी नेपाली सामाजिक संघसंस्थाहरूका प्रतिनिधिहरूको उपस्थितिमा बृहत् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । आइतबार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरीको प्रमुख आतिथ्यतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा नेकपा एमाले स्थायी कमिटी सदस्य डा. बिन्दा पाण्डे र पूर्वसांसद तथा एमाले पोलिटब्यूरो सदस्य शान्ता चौधरीको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा नेकपा एमाले सुदूरपश्चिम प्रदेश कमिटीका सदस्य सरस्वती नेपाली, राष्ट्रिय युवा संघ नेपालका प्रवक्ता निरोज पौडेल, प्रवासी नेपाली मञ्चका अन्तराष्ट्रिय अध्यक्ष सञ्जय थापा, अमेरिकाका राष्ट्रिय अध्यक्ष कृष्ण लामिछाने, प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटीकी सदस्य एवम् महिला विभाग प्रमुख कुन्ती थापा, ओएनएफ अमेरिका-क्यानाडा महादेश कमिटी सदस्य अशोक कार्की, ओएनएफ अन्तर्राष्ट्रिय कमिटी सल्लाहकार फुरी शेर्पा, जनसम्पर्क समिति अमेरिकाका महासचिव मुनेन्द्र नेम्वाङ, अधिकार न्यूयोर्ककी कार्यक्रम निर्देशक नर्मदा क्षेत्री, अमेरिकाका लागि नेपाली पूर्वराजदूत डा. अर्जुन कार्की, संयुक्त राष्ट्रसंघका नेपाली स्थायी प्रतिनिधि लोकबहादुर थापालगायतको उपस्थिति रहेको थियो ।

अन्तरक्रियामा उपस्थित नेपालीहरूले प्रवास क्षेत्रमा भोग्नु परेको राहदानी नवीकरणसम्बन्धी समस्या, युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न सरकारले गर्नुपर्ने नीतिगत व्यवस्था, एनआरएन नागरिकताको बारेमा प्रशासनिक स्पष्टतासहित प्रवासी नेपालीका समसामयिक जनसरोकारका बारेमा प्रश्नहरू उठाएका थिए ।

अन्तरक्रियामा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री चौधरीले नेपाली राहदानी नवीकरणको समस्या समाधान गर्न न्यूयोर्कस्थित कन्सुलर कार्यालयलाई निर्देशन दिइन् । मन्त्री चौधरीले अन्तरक्रिया कार्यक्रममा उठान गरिएका अन्य समस्याहरू नेपाल सरकारका सरोकार निकायहरुमा प्रेषित गरी समाधान गर्न प्रयास गर्ने प्रतिबद्धता जनाइन् । उनले सरकारमा रहेर जनसरोकारका मुद्दामा आफूले क्षमताअनुरूप सक्दो काम गर्ने अठोट व्यक्त गरिन् ।

एमाले नेता डा. पाण्डेले मुलुकमा राजनीतिक अस्थिरताको कारक अहिलेको निर्वाचन प्रणाली रहेको बताउँदै मुलुकको समृद्धि र विकासमा प्रवासी नेपालीहरूको पनि उत्तिकै भूमिका रहेको बताइन् । आफ्ना विगतका दासतायुक्त संघर्षमय जीवन 'कमलरीदेखि सांसद एवम् संयुक्त राष्ट्रसंघसम्म'को अवस्थामा आइपुग्दाको स्थितिको चर्चा गर्दै पूर्वसांसद शान्ता चौधरीले पिछडिएको वा अल्पसंख्यक जनजातिहरूले आफ्नो उत्थानको निम्ति अरुलाई गाली गरेर नभइ आफूलाई सक्षम र सवल बनाउँदै मूलधारको राजनीति र विकासमा प्रतिस्पर्धा गर्नुपर्ने बताइन् ।

अधिकार न्यूयोर्ककी निर्देशक नर्वदा क्षेत्रीले यहाँको नेपाली डायस्पोरामा अधिकार संस्थाले महिला तथा अन्य लक्षित समूहमा सञ्चालन गरेको कार्यक्रमहरूबारे जानकारी गराएकी थिइन् । अर्का वक्ता ओएनएफका अन्तर्राष्ट्रिय अध्यक्ष सञ्जय थापाले प्रवासी नेपालीहरू नेपालको समृद्धिको निम्ति सहयोग गर्न सदैव उत्साहित रहेको, तर उनीहरूको निम्ति सरकारले उचित र प्रष्ट नीतिको व्यवस्था गर्न आवश्यक रहेको बताए ।

ओएनएफ अमेरिकाका उपसचिव कृष्ण आचार्यले मन्त्री चौधरीको सामाजिक राजनीतिक पृष्ठभूमिको चर्चा गर्दै आफू विगतमा उनीसँगै स्थानीय सामाजिक राजनीतिक गतिविधिमा सँगै काम गरेको जानकारी गराए ।

कार्यक्रममा न्यूयोर्क राज्य कमिटीका सहसचिव शम्भु राई, जनजाति महासंघ अमेरिकाका अध्यक्ष तोरण गुरूङ, एनआरएनएका क्षेत्रीय संयोजक आङछिरिङ शेर्पा, अन्तर ाष्ट्रिय तामाङ परिषदका उपमहासचिव लाक्यन लामा, एनआरएनए न्यूयोर्कका पूर्वसचिव बासु लामिछाने, गोर्खाली समाज अमेरिकाका अध्यक्ष खाम भट्ट, धादिङ समाजका सदस्य सागर अधिकारीलगायतका सहभागीहरूले प्रमुख अतिथि र अतिथिहरुसँग जिज्ञासा राखेका थिए । ओएनएफ न्यूयोर्क च्याप्टरका सचिव बलभद्र खडायतले सञ्चालन गरेको उक्त कार्यक्रममा अध्यक्ष गोपी ढुंगानाले आगन्तुक सबैलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गरेका थिए ।

## हत्याको घटनालाई प्रहरीले दुर्घटनामा परिणत गरेको आरोप



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ चैत

रौतहट गरुडा नगरपालिका वडा नम्वर ५ मुहम्मदपुर निवासी कुँवर भन्ने सटाही पण्डितले आफ्नो छोराको हत्या भएको तर प्रहरीले घटनालाई दुर्घटनातर्फ परिणत गर्न खोजेको आरोप लगाएका छन् ।

मंगलबार गरुडामा पत्रकार सम्मलेन गरी निष्पक्ष रुपमा छानविन गर्नुको साटो प्रहरीले राजनीतिक दबाबमा हत्या भएको घटनालाई सवारी दुर्घटनातर्फ मोडेर आरोपित जोगाउन खोजेको उनले आरोप लगाए ।

गएको फागुन १७ गते गाउँबाट देवाही गोनाही जयन्ती जानलाई घरमा लिन आएको स्थानीय वीरेन्द्र पण्डितको छोरा रामबालक, नथुनी साह भन्ने राजकिशोर साहले जबरजस्ती मोटरसाइकलमा राखेर लगेको र रक्सी खुवाएर माधव नारायण नगरपालिका वडा नम्बर १ र २ को बीच चौरमा कुटपिट गरी गम्भीर घाइते बाबु सटाहीले बताए । मुख, नाक, घाँटी र निधारमा गम्भीर चोट लागेको कारण अचेत भएको छोरालाई तत्काल एम्बुलेन्सबाट ग्राण्डी हस्पिटलमा उपचारको लागि ल्याएकोमा थप उपचारको लागि न्यूरो अस्पताल वीरगन्ज लागेकोमा उपचारको क्रममा फागुन १९ गते बिहान ६ बजे चिकित्सकले मृत घोषणा गरेका थिए ।

प्र.२-०२-००१ प ४०७७ मोटरसाइकलको बीचमा बसेर गएको छोरालाई कसरी चोट पटक लाग्यो, दुर्घटना हुँदा तीनै जनालाई चोट पटक लाग्नुपर्नेमा २ जनालाई केही नभएको भन्दै आफ्नो छोरालाई मात्र चोटपटक लागेको उनले बताए । उनले भने, 'मेरो छोराको अन्य भागमा चोट नलागी घाँटी, नाक, मुख निधारमा कसरी गहिरो चोट लाग्यो ?' उनले छोरा बेहोस हुँदा परालमा सुताइएको अवस्थामा एम्बुलेन्स गएकोमा चालकसँग २ जना ग्राण्डी हस्पिटल आएर फरार भएको बताए ।

पहिलादेखि हत्या गर्ने धम्की दिँदै आएका आफ्नो छोरालाई योजना अनुसार नै हत्या गरेकोले ज्यान सम्बन्धी मुद्दामा कारबाही हुनुपर्ने परिवारको माग छ ।

मृतकको श्रीमती सविता देवीले जीवनको सहारा नै समाप्त भएकोले दोषीलाई हदैसम्म कारबाही गर्नुपर्ने माग गर्दै राजनीतिक रुपमा घटनालाई दुर्घटनातर्फ लान खोज्ने इलाका प्रहरी कार्यालय गरुडाका प्रमुखमाथि छानविन गर्नुपर्ने माग गरिन् । मुद्दा मिलापत्र गर्न पैसाको प्रलोभन दिएकोमा लिन नमान्दा केही गाउँ घरका नेताले प्रहरीलाई आर्थिक रुपमा प्रलोभन दिएर हत्याको घटनालाई सवारी दुर्घटनाको संज्ञा दिएर मुद्दा कमजोर पर्ने षड्यन्त्र गरेको उनको भनाइ छ ।


हार्दिक बधाई तथा शुभकामना

नयाँ सारथी लघुवित्त वित्तिय संस्था लि. र विजय लघुवित्त वित्तिय संस्था लि. मर्जर पश्चात

विजय लघुवित्त वित्तीय संस्था लिमिटेड
Vijaya Laghubitta Bittiya Sanstha Ltd.
